# छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, तानसेन बहुमुखी क्याम्पस
नेपाली भाषाशिक्षा, शिक्षण विभाग, स्नातकोत्तर तह, दोस्रो
वर्षको नेपा.शि. ५९८ पाठ्याशंको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
**भीमलाल भण्डारी**
परीक्षा क्रमाङ्कः ३०८०१८३
त्रि.वि. दर्ता नं. ६-२-३११-२२०-९७
तानसेन बहुमुखी क्याम्पस
तानसेन, पाल्पा
२०६८

# सिफारिस - पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय तानसेन बहुमुखी क्याम्पस नेपाली भाषाशिक्षा शिक्षण विभाग अर्न्तगत एम.एड. दोस्रो वर्षको नेपा शि. ५९८ पाठ्याशंको प्रयोजनका निम्ति तानसेन बहुमुखी क्याम्पस दोस्रो वर्षका नियमित विद्यार्थी भीमलाल भण्डारीले **छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन** शीर्षकको यो शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । गहिरो अध्ययन र निरन्तर मिहिनेत गरी उहाँले यो शोधपत्र पूरा गर्नु भएको छ । उहाँको यो शोधकार्यबाट म सन्तुष्ट छु । यसको समुचित मूल्याङ्कनका लागि तानसेन बहुमुखी क्याम्पस, नेपाली भाषाशिक्षा शिक्षण विभागमा सिफारिस गर्दछु ।

मितिः २०६८/ /

शोध निर्देशक

...............................

शालिकराम पौडेल

सह. प्राध्यापक

नेपाली भाषाशिक्षा शिक्षण विभाग

तानसेन बहुमुखी क्याम्पस, पाल्पा

**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय**

**नेपाली भाषाशिक्षण विभाग**

**तानसेन बहुमुखी क्याम्पस,पाल्पा**

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत तानसेन बहुमुखी क्याम्पस, नेपाली भाषाशिक्षा शिक्षण विभागका विद्यार्थी भीमलाल भण्डारीले शालिकराम पौडेलको निर्देशनमा स्नाकोत्तर तह दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्याशंको प्रयोजन परिपूर्तिका लागि तयार पार्नुभएको **छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

| | | हस्ताक्षर |
|---|---|---|
| १. अध्यक्ष श्री ............................ | विभागीय प्रमुख .................... | |
| २. सदस्य श्री ............................ | शोध निर्देशक ....................... | |
| ३. सदस्य श्री ............................ | बाह्य परीक्षक ....................... | |
| ४. सदस्य श्री ........................... | क्याम्पस प्रमुख ...................... | |
| ५. सदस्य श्री .......................... | विषयविज्ञ ............................. | |

मितिः

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्याशंको प्रयोजनका लागि **'छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन'** शीर्षकको शोधपत्र तयार गरेको छु । माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले विद्यालयीय पाठ्यक्रमको ढाँचामा परिवर्तन गरी वि.सं. २०६५ देखि माध्यमिक तह अन्तर्गत कक्षा ९ र १० मा संशोधित नेपाली भाषा पाठ्यपुस्तक समावेश गरेकाले यिनै नेपाली भाषा पाठ्यपुस्तकको समग्र पक्षको विश्लेषण गरी निष्कर्ष निकाल्ने काम यसमा गरिएको छ । अनुसन्धान आफैमा खोजपरक विषय भएकोले यस कार्यको औपचारिक प्रारम्भ कहाँ कसरी गर्ने भन्ने अन्योलतामा धेरै विद्वानहरूबाट पाएको सहयोग सुझाव र सल्लाह नै मेरो निम्ति मार्ग निर्देश बनेका छन् । प्रस्तुत शोधकार्यका निम्ति प्रस्ताव स्वीकृत गरी अनुसन्धान गर्न अवसर प्रदान गर्ने त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा शिक्षण विभाग, विषय समितिलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु । शोधकार्य गर्न हौसला, साहस र उच्च मनोबल प्रदान गर्नुहुने आदरणीय गुरू तथा शोध निर्देशक सह-प्राध्यापक श्री शालिकराम पौडेल ज्यूलाई हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

शोधकार्यका निम्ति आफ्नो व्यस्त र अमूल्य समय प्रदान गरी सहयोग पुऱ्याउनु हुने तानसेन बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री राधेश्याम ज्ञवाली ज्यू सामग्री संकलन, प्रशोधन, शीर्षक र उपशीर्षकको चयनमा सहयोग सल्लाह प्रदान गर्नुहुने नेपाली भाषाशिक्षण विभागका गुरूहरू सह प्राध्यापक डा. नेत्रप्रसाद न्यौपाने, शंकर गैरे, जीवनाथ तिवारी ज्यू प्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु । शोधप्रस्ताव तयार पार्नदेखि वर्तमान शोधपत्रको प्राविधिक पक्षहरूको स्थान निर्धारण गरिदिनुका साथै अनुसन्धानका क्रममा प्राप्त तथ्यङ्कहरूलाई व्यवस्थित गरी वैधता दिन सहयोग गर्नुहुने व्यस्त व्यक्तित्वहरू कालीगण्डकी बहुमुखी क्याम्पस बिर्घा, स्याङ्जाका क्याम्पस प्रमुख श्री पशुपति पाण्डे, नेपाली विषय प्राध्यापक श्री धर्मराज पाण्डे, श्रीमती कमला बस्याल, मिर्मी बहुमुखी क्याम्पस मिर्मी, स्याङ्जाका सहायक क्याम्पस प्रमुख तथा

नेपाली विभाग प्रमुख श्री रामप्रसाद पाण्डे, प्राध्यापक श्री चेतनारायण पाण्डे, हर्मिचौर उच्च मा.वि. हर्मिचौर, गुल्मीका नेपाली विषय प्रमुख श्री डिल्लीराम पाण्डे, भवानी उच्च मा.वि. बिर्घा, वैघा स्याङ्जाका शिक्षक श्री लोकहरि पाण्डे ज्यूहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

त्यसैगरि यस शोधकार्यमा विषयगत तथा प्राविधिक सुझाव सल्लाह प्रदान गर्ने श्री कालीगण्डकी पब्लिक सेकेण्डरी स्कुल परिवार मिर्मी स्याङ्जा, सामग्री सङ्कलनमा विशेष देन दिने त्रि.वि. केन्द्रीय पुस्तकालय कीर्तिपुर, तानसेन बहुमुखी क्याम्पस पाल्पाको पुस्तकालय, मातृभूमि पुस्तकालयका साथै भगवती नमुना उच्च मा.वि., मिर्मी, जनता उच्च मा.वि. बिर्घा, स्याङ्जा, हर्मिचौर उच्च मा.वि. हर्मिचौर गुल्मी, कालीगण्डकी बहुमुखी क्याम्पस बिर्घा स्याङ्जा, मिर्मी बहुमुखी क्याम्पस मिर्मी, स्याङ्जा आदि विद्यालय तथा क्याम्पस परिवारप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधकार्यमा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने मेरो बुवा केशवराज भण्डारी आमा तुलसीदेवी भण्डारी, जीवन संगिनी रेनुका भण्डारी, छोरीहरू सुजता, सन्ध्या र छोरा सिर्जित प्रति पनि म आभार व्यक्त गर्दै धन्यवाद प्रकट गर्दछु । यो शोधपत्रको पुस्तक तयार पारी सहयोग गरिदिनुहुने डायनामिक कम्प्यूटर एण्ड ल्वाङ्वेज जोनका प्रोपाइटर श्री फानेश श्रेष्ठ तथा शुद्धसँग टङ्कण गरी सहयोग पुऱ्याउने श्रीमती हीरा श्रेष्ठ र सुश्री दीपा श्रेष्ठ ज्यू प्रति पनि हृदयदेखि नै कृतज्ञता जाहेर गर्दछु । गुरूहरू तथा पर्याप्त सहयोगी व्यक्तित्वहरूबाट सहयोग पाउँदा पाउँदै पनि भएका र भेटिने त्रुटिमा सुधार गर्न नसकेकोमा मेरो आफ्नै दोष ठहऱ्याउदै क्षमा प्रार्थी छु । साधनामय कार्य गहन र निरन्तर अध्ययनबाट मात्र सम्भव हुने हुँदा कतिपय त्रुटिहरूका निम्ति यहाँहरू समक्ष नतमस्तक बनी दिएको सहयोग आत्मसात् गर्दै भावविहोर भएको छु । अन्त्यमा प्रस्तुत शोधपत्रको समुचित मूल्याङ्कनका लागि तानसेन बहुमुखी क्याम्पस, नेपाली भाषाशिक्षा शिक्षण विभाग समक्ष सविनय प्रस्तुत गर्दछु ।

....................................

**भीमलाल**

**भण्डारी**

**तानसेन बहुमुखी क्याम्पस**
**तानसेन पाल्पा**

# शोधसार

नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । बहुभाषिक मुलुक नेपालमा मातृभाषा नेपाली हुनेबाहेक अरू सबै भाषाभाषीको सम्पर्क माध्यम पनि नेपाली भाषा रहंदै आएको छ । प्राथमिक विद्यालयदेखि स्नातक र स्नातकोत्तर सम्म विभिन्न किसिमका पाठ्याशंको विकासका साथै नेपाली भाषालाई पहिलो, दोस्रो र विदेशी भाषाका रूपमा शिक्षण गर्ने क्रम भइरहेका छन् । नेपाली भाषा शिक्षणलाई विषय शिक्षणका रूपमा मात्र शिक्षण गर्ने पुरातनवादी मान्यताका विरूद्धमा नयाँ मान्यतासंगै यो समग्र कार्यक्रमकै शिक्षण गर्ने विषयका रूपमा वर्तमान अवस्थामा स्थापित भएको छ । यस्तो भाषिक विविधतालाई एकतामा परिणत गर्न राष्ट्रभाषा नेपालीलाई माध्यम र सम्पर्क भाषाको रूपमा अझ बढी सबल बनाउन स्तरयुक्त पाठ्क्रम र पाठ्यपुस्तक एक मात्र उपाय हुनसक्छ ।

भाषाका सीपको विकासमा जोड दिने तथा भाषा सिकाउने सामग्री नै भाषापाठ्यपुस्तक भएकाले भाषा पाठशालाको स्थापना संगै नेपालमा यो लेखन कार्य शुरू गरिएको थियो । भाषा सिकाउने प्रारम्भिक अक्षराङ्क शिक्षा नामको पाठ्पुस्तक देखापरेपछि सरकारी र निजी स्तरबाट समेत भाषापाठ्यक्रमअनुरूप पाठ्यपुस्तक प्रकाशित भए । यसैक्रममा नेपालभरि नै एउटै भाषा पाठ्यपुस्तक उपलब्ध गराइ मानक नेपाली भाषा शिक्षण गराउने नीति अनुरूप २०२८ सालदेखि विद्यालय तहमा पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक तयार पारी विक्री वितरण गर्दै आएको देखिन्छ।

विद्यार्थीले अध्ययन गर्ने भरपर्दो शिक्षण सामग्री पाठ्यपुस्तक बेला-बेलामा परिमार्जन तथा संस्करण गरिनुपर्ने नीतिअनुरूप समय अनुसार बदलिदो परिवेशलाई मध्यनजर गर्दै नेपाली भाषापाठ्यपुस्तक परिमार्जन तथा संस्करण भइरहेका छन् । वि.सं. २०५५ सालदेखि देखापरेका माध्यमिक तहका नेपाली पाठ्यपुस्तक भाग १ र भाग २ गरी प्रकाशित भएपनि पछिल्लो संस्करणमा केवल नेपाली पाठ्यपुस्तक कक्षा ९ र १० गरी प्रकाशित भएका छन् । विधाहरू पनि समायोजन गरिएका छन् । कुनै पुराना कुराहरू हटाइएका छन् त कतिपय नयाँ कुराहरूको थपोट गरिएको छ । भाषिक सीपलाई प्रभावकारी ढंगले सम्पादन गर्ने उद्देश्यका साथ पछिल्लो पटक नेपाल

सरकाले मिति २०६३ माघ २५ गते नयाँ पाठ्यक्रम निर्माण भई सोही समयदेखि कार्यान्वयन चरणमा रहेको पाठ्यक्रम नै वर्तमान माध्यमिक तहको पाठ्क्रम हो । वर्तमान माध्यमिक तह कक्षा ९ र १० मा अध्यापन कार्यका निम्ति समावेश भएपनि विधा संयोजनका दृष्टिले के कति सान्दर्भिक र उपलब्धिमूलक छ भनी केलाउने काम यस शोधपत्रमा गरिएको छ । समय-समयमा परिमार्जन, संस्करण तथा पुनः संस्करण हुँदै आएका माध्यमिक तहका नेपाली भाषापाठ्यपुस्तकहरू रा.शि. आयोगको प्रतिवेदन २०४९ र उच्चस्तरीय रा.शि. आयोगको प्रतिवेदन २०५५ ले सिफारिश गरेअनुसार २०५५ सालमा संयुक्त पाठ्यक्रम तयार भई लागू भएको थियो । प्रवेशिका परीक्षा प्रतिवेदनले सिफारिश गरेअनुसार नेपाल सरकाले २०६३ सालको प्रवेशिका परीक्षा कक्षा १० को पाठ्याशंबाट मात्रै प्रश्न शोधी परीक्षा लिने व्यवस्था गरेको छ । २०५५ सालको माध्यमिक नेपाली भाषा पाठ्यपुस्तकहरू २०६० सालमा प्रथम पटक परिमार्जित भएका र २०६५ सालमा दोस्रो पटक परिमार्जित गरिएका छन् । माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले विद्यालय पाठ्यक्रमको ढाँचामा परिमार्जन गरी २०६५ बैशाख देखि मा.वि. तह अन्तर्गत कक्षा ९ र १० मा लागू गरिएका संशोधित नेपाली पाठ्यपुस्तकको समग्र पक्षको अध्ययन गरी निष्कर्ष निकाल्ने काम यसमा गरिएको छ ।

शोधकार्यका सन्दर्भमा अन्य विविध पक्षमा व्यापक खोज, अनुसन्धान गरिएपनि छनोट र स्तरणका आधारमा माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन विषयमा शोधपत्र नलेखिएकोले सो विषय छानेर शोध प्रस्ताव स्वीकृत गराई विषयको परिधिमा रहेर शोधकार्य अगाडि बढाइएको छ । स्वीकृत शोधप्रस्ताव अनुसारकै शोधशीर्षक देखि लिएर सामग्री सङ्कलन र विविध विधिहरूलाई आधार मान्दै निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तक के कति उपयुक्त सार्थक र औचित्यपूर्ण छन् ?, विधाहरूको छनोट तथा स्तरण उपयुक्त छ छैन ?, यसमा के कति कमजोरी छन् ? सुधार गर्न के गर्नुपर्ला ? जस्ता विषयमा सूक्ष्म अध्ययन गरी निष्कर्ष दिने काम गरिएको छ । तथ्याङ्क सङ्कलनको आधुनिक प्रविधि अपनाइ विगत र वर्तमानका पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरी भाषा पाठ्यपुस्तकका सकारात्मक र नकरात्मक पक्षहरू केलाइएको छ ।

छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहका नेपाली भाषापाठ्यपुस्तकको अध्ययन शीर्षक राखी तयार गरिएको यस शोधपत्रलाई चार परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा शोधपत्रको परिचय समावेश गरिएको छ । जसमा विषय परिचय, शोधको प्रयोजन शोधसमस्या, शोधको उद्देश्य, अध्ययनको औचित्य तथा महत्व, शोधविधि पूर्वकार्यको समीक्षा, अध्ययनको सीमा, शोधपत्रको रूपरेखा आदि कुराहरू समावेश छन् ।

शोधपत्रको परिच्छेद दुईमा छनोट र स्तरणको सैद्धान्तिक परिचय सम्बन्धी चर्चा गरिएको छ । यसै क्रममा छनोटको आवश्यकता, छनोटका आधारहरू छनोटका वाहय आधारहरू उद्देश्य, विद्यार्थीको तह वा स्तर, समयावधि, वातावरण, सिकारूको क्षमता, छनोटका आन्तरिक आधारहरू, भाषिका, प्रयोजनपरक भेद, शैली, माध्यम, स्तरणको परिचय, स्तरणको आवश्यकता, स्तरणका प्रकारहरू रेखीय स्तरण, चक्रीय स्तरण, परम्परागत स्तरण, व्याकरणात्मक स्तरण, सम्प्रेषणात्मक स्तरण, प्रकार्यात्मक स्तरण आदिको विश्लेषण गर्दै निष्कर्ष निकालिएको छ ।

शोधको परिच्छेद तीनमा छनोट र स्तरणका आधारमा वर्तमान कक्षा ९ र १० को नेपाली भाषापाठ्यपुस्तकको अध्ययन गरिएको छ । जसमा नेपाली भाषापाठ्यपुस्तकको परिचय, कक्षा ९ र १० को नेपाली भाषा पाठ्यपुस्तकका विशेषता, छनोट र स्तरणको औचित्य, विधाको क्रमवद्धता र छनोट, पाठको प्रस्तुतिकरण, शब्दभण्डार, भाषा, अभ्यास, व्याकरण, चित्र र अन्य पक्षको चर्चा गर्दै पाठ्यपुस्तकमा भेटिएका त्रुटिहरूलाई पनि केलाइएको छ । त्यसै गरी वर्तमान कक्षा १० को नेपाली भाषापाठ्यपुस्तकको पनि विविध शीर्षक उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ ।

शोधपत्रको अन्तिम अर्थात् परिच्छेद चारमा मा.वि. तह कक्षा नौ र दशको नेपाली भाषा पाठ्यपुस्तकलाई छनोट र स्तरणका आधारमा केलाएर निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । समग्र शोधको अनुशीलन गरी शोधसारको रुपमा निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

# विषय सूची

## परिच्छेद - एक
## शोध परिचय


| शीर्षक | पृष्ठ संख्या |
|---|---|
| १.१ शोध शीर्षक | १ |
| १.२ शोधको प्रयोजन | १ |
| १.३ शोध समस्या | १ |
| १.४ शोध उद्देश्य | २ |
| १.५ पूर्वकार्यको समीक्षा | ३ |
| १.६ शोधको औचित्य र महत्त्व | ५ |
| १.७ शोधको क्षेत्र र सीमा | ६ |
| १.८ शोधविधि | ७ |
| १.९ सामग्री सङ्कलन विधि | ७ |
| १.१० शोधपत्रको रूपरेखा | ८ |


## परिच्छेद - दुई
## छनोट र स्तरणको सैद्धान्तिक परिचय


| | |
|---|---|
| २.१ पाठ्यवस्तु छनोटको परिचय | ९ |
| २.२ पाठ्यवस्तु छनोटको अर्थ | ९ |
| २.३ पाठ्यवस्तु छनोटको आवश्यकता | १० |
| २.४ पाठ्यवस्तु छनोटमा प्रभाव पर्ने तत्त्वहरू | १२ |
| २.४.१ बाह्य आधार/प्रभावकहरू | १३ |
| २.४.१.१ उद्देश्य वा प्रयोजन | १३ |
| २.४.१.२ विद्यार्थीको तह वा स्तर | १३ |
| २.४.१.३ शिक्षणको समयावधि | १४ |
| २.४.१.४ विद्यालयको प्रकृति | १४ |
| २.४.१.५ वातावरण | १५ |
| २.४.१.६ पाठ्यक्रमको प्रकृति | १५ |
| २.४.१.७ विद्यार्थीको रूचि र क्षमता | १५ |
| २.४.२ आन्तरिक आधार/ प्रभावकहरू | १६ |
| २.४.२.१ भाषिका | १६ |
| २.४.२.२ प्रयोजनपरक भेद | १६ |
| २.४.२.३ शैली | १७ |
| २.४.२.४माध्यम | १८ |
| २.४.२.५ भाषा तत्वहरू | १८ |

२.४.३ भाषा पाठ्यवस्तु छनोटका आधारहरू १८
२.४.३.१ आवृत्ति १९
२.४.३.२ विस्तरण १९
२.४.३.३ प्राप्यता १९
२.४.३.४ व्यापन २०
२.४.३.५ मनोवैज्ञानिक सिकाइ क्षमता २०
२.४.३.६ अन्य २१
२.४.४ छनोट हुने भाषिक क्षेत्रहरू २१
२.५ पाठ्यवस्तु स्तरणको परिचय २२
२.५.१. भाषापाठ्यवस्तु स्तरणको आवश्यकता २२
२.५.२ छनोट र स्तरणमा भिन्नता २३
२.५.३ स्तरणको प्रक्रिया र प्रकार २५
२.५.३.१ स्तरणको प्रक्रिया २५
क. एकीकृत रूपमा २६
ख. पृथकीकृत रूपमा २६
२.५.३.२ स्तरणको प्रकार २६
क. रेखीय स्तरण २७
ख. चक्रीय स्तरण २७
ग. परम्परागत स्तरण २८
घ. सम्प्रेषणात्मक स्तरण २९
ङ. प्रकार्यात्मक स्तरण २९
२.६ खालिठाउँ भर्ने परीक्षा ३०
२.७ निष्कर्ष ३१

## परिच्छेद - तीन

## छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन

३.१ भाषा पाठ्यपुस्तकको परिचय र परिभाषा ३३
३.२ वर्तमान मा.वि. तहको नेपाली भाषा पाठ्यपुस्तकको परिचय र स्वरूप ३७
३.२.१ छनोट र स्तरणका आधारमा कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन ३९
३.२.१.१ पाठ्यवस्तु ४०
३.२.१.२ विधाहरुको छनोट ४१
३.२.१.३. पाठहरूको प्रस्तुतिकरण ४२
३.२.१.४. शब्दभण्डार ४३
३.२.१.५. भाषा ४४
३.२.१.६. अभ्यास ४४
३.२.१.७ भाषातत्व (व्याकरण) ४५
३.२.१.८. चित्र ४६

३.२.१.९. विधाहरूको स्तरण ४७
३.२.१.१०. अन्य ४९
३.२.१.११ निष्कर्ष ५०
३.२.२ छनोट र स्तरणका आधारमा कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन ५१
३.२.२.१. पाठ्यवस्तु ५३
३.२.२.२. विधाहरूको छनोट ५३
३.२.२.३. पाठहरूको प्रस्तुतिकरण ५४
३.२.२.४. शब्दभण्डार ५५
३.२.२.५. भाषा ५६
३.२.२.६. अभ्यास ५७
३.२.२.७. व्याकरण (भाषातत्त्व) ५७
३.२.२.८ चित्र ५९
३.२.२.९. अन्य विविध ६०
३.२.२.१०. निष्कर्ष ६०

## परिच्छेद - चार
## निष्कर्ष र सुझाव

४.१ निष्कर्ष ६२
४.२ सुझाव ६६
सन्दर्भ सामग्री सूची ६९

## परिशिष्ट

परिशिष्ट 'क' ७१
परिशिष्ट 'ख' ७८
परिशिष्ट 'ग' ७९
परिशिष्ट 'घ' ८०

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| १. | विधाहरूको छनोट (कक्षा ९) | ४१ |
| २. | भाषातत्त्व/व्याकरण (कक्षा ९) | ४५ |
| ३. | विधाहरूको क्रम | ४७ |
| ४. | पाठहरूको स्तरण | ४९ |
| ५. | विधाहरूको छनोट(कक्षा १०) | ५४ |
| ६. | भाषातत्त्व/व्याकरण (कक्षा १०) | ५८ |

# सङ्क्षेपीकृत शब्दसूची

| **सङ्क्षिप्त शब्द** | **पूर्ण शब्द** |
|---|---|
| अनु | अनुच्छेद |
| ई.स. | ईस्वी सम्बत् |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| उ.मा.शि.प | उच्च माध्यमिक शिक्षा परिषद |
| एम. एड. | मार्स्टस अफ एजुकेशन |
| एस.एल.सी. | स्कूल लिभिङ्ग सर्टिफिकेट |
| गा.वि.स. | गाउँ विकास समिति |
| चौ.सं. | चौथो संस्करण |
| ज.शि.सा.के.लि | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्व विद्यालय |
| दो.स. | दोस्रो संस्करण |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| नेपा.शि | नेपाली शिक्षा |
| पा.वि.के | पाठ्यक्रम विकास केन्द्र |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| पृ. | पृष्ठ |
| मा.वि. | माध्यमिक विद्यालय |
| रा.शि.प.यो | राष्ट्रिय शिक्षा पद्धति योजना |
| सा.प्र. | साझा प्रकाशन |
| वि.सं. | विक्रम सम्वत् |